# माननीय उपप्रधान तथा अर्थमन्त्री कृष्णबहादुर महराको कार्यकालमा अर्थ मन्त्रालयबाट सम्पादित कार्य र उपलब्धिहरूको संक्षिप्त झलक

नेपाल सरकार

## अर्थ मन्त्रालय

२०७४, जेठ

## १. पृष्ठभूमि

- मैले २०७३ साउन २० गते उपप्रधान तथा अर्थमन्त्रीको जिम्मेवारी सम्हाल्ने अवसर पाएको थिएँ। यसैक्रममा २०७४ साल जेष्ठ १५ गते आर्थिक वर्ष २०७४/७५ को बजेट प्रस्तुत गरी आज मिति २०७४/२/२३ गतेसम्म मेरो कार्यकालको १० महिना भन्दा बढी अवधि अर्थ मन्त्रालयमा बिताएँ।
- अर्थ मन्त्रालयको कार्यभार सम्हाल्दा विगतको सरकारले प्रस्तुत गरेको आ.व. २०७३/७४ को बजेटसम्बन्धी विनियोजन विधेयक मात्र संसदबाट पारित भएको थियो। यसका साथै अघिल्लो सरकारले ल्याएको बजेट कार्यान्वयनको चुनौति पनि मेरो सामु थियो। व्यवस्थापिका-संसदमा आर्थिक विधेयक, राष्ट्र ऋण उठाउने विधेयक, ऋण तथा जमानत विधेयक विचाराधीन थिए, जसलाई पारित गराउनुपर्ने जिम्मवारी मेरो काँधमा आएको थियो।
- मैले कार्यारम्भ गर्दा मुलुकको अर्थतन्त्र जटिल मोडमा थियो। दैनिक जीवन यापन र औद्योगिक क्षेत्रमा चरम ऊर्जा संकट थियो। आर्थिक वृद्धि दर लगभग शून्यको अवस्थामा थियो। लगानीको वातावरण उत्साहपूर्ण थिएन। मुद्रास्फिति ९.९ प्रतिशतको उच्चतम बिन्दुमा थियो। अन्तर्राष्ट्रिय व्यापारमा आएको संकुचनमा सुधार आएको थिएन। औद्योगिक उत्पादन घट्दो थियो। बजेटमा नवीन कार्यक्रमहरू घोषणा गरिएको भए तापनि त्यसलाई व्यवस्थापन गर्ने विषय सहज थिएन। पुनर्निर्माणको काम र विकास आयोजनाहरूको कार्यान्वयनले अपेक्षित गति लिन सकेका थिएनन्।
- अघिल्लो सरकारले बजेट प्रस्तुत गरेको हुँदा नयाँ सरकारले आफ्ना कार्यक्रम र घोषणाहरू लागु गर्न पुरक बजेट ल्याउनु राजनीतिक दृष्टिले सान्दर्भिक नै भएपनि वित्तीय अनुशासन, अर्थतन्त्रमा स्थीरता, नीतिगत निरन्तरता र निश्चयको लागि मैले साविककै नीति तथा कार्यक्रमहरूलाई निरन्तरता दिई उपलब्ध श्रोत र साधनको उच्चत्तम प्रयोगको माध्यमबाट अघि बढ्ने निर्णय गरें जसले चालु आर्थिक वर्षमा समग्र अर्थतन्त्रमा अत्यन्त उत्साहप्रद र सकारात्मक प्रतिफल दियो।

## २. अढाई दशकको उच्च आर्थिक वृद्धि र सकारात्मक आर्थिक परिसूचक

- आर्थिक वर्ष २०७३/७४ मा आर्थिक वृद्धिदर अत्यन्त उत्साहजनक रह्यो। अनुकुल मौसम, समयमै मल र बिउको आपूर्ति, पुँजीगत खर्चमा सुधारका प्रयास, ऊर्जाको उपलब्धता, वाञ्छित व्यवस्थापकीय सुधार र लगानीको वातावरण लगायत आपूर्ति प्रणालीमा सुधारबाट चालु आर्थिक वर्षमा **६.९४ प्रतिशतको आर्थिक वृद्धिदर** हाँसिल हुने प्रक्षेपण छ। यो आर्थिक वृद्धिदर आर्थिक वर्ष २०५०/५१ यताकै उच्च हो। विनासकारी भूकम्प र सीमा नाका अवरोधबाट संकुचित भएको अर्थतन्त्र क्रमशः पुनरुत्थान भएको छ।यसले मुलुकलाई समृद्धिको मार्गमा अगाडि बढ्न दिशा निर्देश गरेको छ ।
- आर्थिक वर्ष २०७३/७४ मा उच्च आर्थिक वृद्धिका कारण प्रतिव्यक्ति राष्ट्रिय आय अमेरिकी डलर ८ सय ६२ पुग्न गएको छ। गत वर्ष यो आय अमेरिकी डलर ७ सय ५७ रहेको थियो।
- चालु आर्थिक वर्षमा कुल गार्हस्थ उत्पादनमा उपभोगको अंश ८९.७ प्रतिशत रहने अनुमान छ। यो अंश अघिल्लो वर्ष ९६.१८ प्रतिशत रहेको थियो। साथै, कुल गार्हस्थ उत्पादनमा बचतको अंशमा वृद्धि भई १०.२५ प्रतिशत पुग्न गएको छ।
- आर्थिक वर्ष २०७२/७३ को कुल गार्हस्थ उत्पादनमा पुँजी निर्माणको अंश ३३.७ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षको अन्त्य सम्ममा ४२.५ प्रतिशत रहने अनुमान छ।
- बाह्य क्षेत्रको स्थायित्वको समग्र अवस्था सन्तोषजनक रह्यो।आयातमा अधिक वृद्धि भएता पनि चालु आर्थिक वर्षको प्रथम आठ महिनासम्ममा समग्र सोधनान्तर रु. ५० अर्ब ६ करोड बचतमा रहेको छ ।
- चालु आर्थिक वर्षमा रु. १ खर्ब ११ अर्ब आन्तरिक ऋण उठाउने लक्ष्य रहेकोमा प्रथम १० महिनासम्ममा रु. ५८ अर्ब २५ करोड उठाई सकिएको छ। साथै, कुल गार्हस्थ उत्पादनसँग कुल सार्वजनिक ऋणको अनुपात गत वर्षको तुलनामा ३ प्रतिशत विन्दुले कमी आई २४.१ प्रतिशत रहन गएको छ।

- चालु आर्थिक वर्षको मध्यतिर बैंकिङ्ग प्रणालीमा तरलता अभाव भन्दा कर्जायोग्य लगानीको अभाव देखिएको थियो। यो समस्यालाई सम्वोधन गर्न वित्तीय एवं मौद्रिक नीतिका उपकरणहरूको प्रयोगको माध्यमबाट कर्जायोग्य लगानीको अवस्थामा सुधार गरी वित्तीय स्थायित्व कायम गरिएको छ।
- अर्थतन्त्रमा विप्रेपण आयको योगदान बढी रहेको छ। कुल गार्हस्थ उत्पादनसँग विप्रेषणको अनुपात करिब २९ प्रतिशत रहेको छ।
- सार्वजनिक ऋण व्यवस्थापनलाई चुस्त एवं दुरुस्त बनाउन आवश्यक प्रणालीको विकास गर्ने काम प्रारम्भ भइसकेको छ।यसको लागि मध्यमकालीन ऋण व्यवस्थापन रणनीति तयार भएको छ।
- सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी पारस्पारिक मूल्याङ्कनको सन् २०१९/२० को पूर्व तयारीको लागि राष्ट्रिय जोखिम मूल्याङ्कन गर्ने कार्यको थालनी भएको छ।
- समष्टिगत आर्थिक परिसूचकहरूलाई विद्युतीय प्रणालीबाट प्रस्तुत गर्ने प्रणाली प्रारम्भ भएको छ।
- चालु आर्थिक वर्षको बजेटले मुद्रास्फीति दर ७.५ प्रतिशत कायम गर्ने लक्ष्य लिएकोमा प्रथम ९ महिनासम्ममा मुद्रास्फीति दर ५ प्रतिशत रहेको छ भने यो वर्षको अन्त्य सम्ममा सोही हाराहारीमा रहने अनुमान छ। गत वर्षमा यो दर ९.९ प्रतिशत रहन गएको थियो।

## ३. संघीय स्वरूप अनुकुलको समष्टिगत आर्थिक नीतिको मस्यौदा तयारी

- संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख आर्थिक उद्देश्य हाँसिल गर्न सरोकारवाला निकायहरू र प्रबुद्ध अर्थशास्त्रीहरूको सुझाव समेतको आधारमा **संघीय नेपालको राष्ट्रिय आर्थिक नीतिको प्रारम्भिक मस्यौदा** तयार भएको छ।
- सार्वजनिक-निजी-साझेदारी नीति तथा कार्यक्रमहरूको संस्थागत विकासका लागि यस सम्बन्धी कानूनको मस्यौदा तयार भएको छ।
- औपचारिक अर्थतन्त्रको आकार बढाउन र वित्तीय अपराध न्यूनीकरण गर्नका लागि २०७४ साल साउन १ गते देखि लागू हुने गरी नगद कारोबारको सीमा रु. १० लाख तोकिएको छ।

## ४.  संघीय स्वरूपको बजेट निर्माण

- आर्थिक वर्ष २०७४/०७५ को बजेट जेठ १५ गते नै मैले व्यवस्थापिका-संसद्मा आगामी आर्थिक वर्षका लागि कुल रु. १२ खर्व ७८ अर्व ९९ करोडको बजेट प्रस्तुत गरिसकेको छु। प्रस्तुत बजेटले संविधान कार्यान्वयनमा सहयोग गर्ने, दिगो समावेशी र उच्चदरको आर्थिक वृद्धि हासिल गर्ने, समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने र राज्यद्वारा प्रदान गरिने सेवामा आम नागरिकको पहुँच वृद्धि गर्ने उद्देश्य लिएको छ। यस बजेटमा चालुतर्फ रु. ८ खर्ब ३ अर्ब ५३ करोड अर्थात ६२.८ प्रतिशत, पुँजीगत तर्फ रु. ३ खर्ब ३५ अर्ब १७ करोड अर्थात २६.२ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रू. १ खर्ब ४० अर्ब २८ करोड अर्थात् ११.० प्रतिशत रहेको छ।
- भर्खरै गठन भएका र गठन हुने क्रममा रहेका स्थानीय तहहरूको लागि आवश्यक वित्तीय हस्तान्तरणको व्यवस्था मिलाइएको छ जसअनुसार समानिकरण अनुदान रु. १ खर्ब ४८ अर्ब ६३ करोड र सशर्त अनुदान तर्फ रु. ७६ अर्ब ४१ करोड गरी स्थानीय तहमा जम्मा रु. २ खर्ब २५ अर्ब ५ करोड रकम हस्तान्तरण गरिएको छ। जनसंख्या, विकासको अवस्था र लागत समायोजित क्षेत्रफललाई मानक मानी यस्तो अनुदान हस्तान्तरण गरिएको छ। संघीयताको वास्तविक अनुभूत गर्ने र आफ्नो विकास निर्माणको छनौट आफैंले गर्ने गरी गाउँपालिकाले न्यूनतम रू. १० करोड र अधिकतम रू. ३९ करोड, नगरपालिकाले न्यूनतम रू. १५ करोड र अधिकतम रू. ४३ करोड, उपमहानगरपालिकाले न्यूनतम रू.४० करोड र अधिकतम रू. ६३ करोड तथा महानगरपालिकाले न्यूनतम रू.५६ करोड र अधिकतम रू.१ अर्ब २४ करोड अनुदान प्राप्त गर्ने छन्।
- यसैगरी सशर्त अनुदान तर्फ रु. ७६ अर्ब ४१ करोडमध्ये गाउँपालिकाले न्यूनतम रू. १ करोड २० लाख र अधिकतम रु. १७ करोड २२ लाख, नगरपालिकाले न्यूनतम रु. ३ करोड ९५ लाख र अधिकतम रु ३१ करोड ३७ लाख उप-महानगरपालिकाले न्यूनतम रु. १४ करोड ८० लाख र अधिकतम रु. ३१ करोड तथा महानगरपालिकाले न्यूनतम रु.

२८ करोड १२ लाख र अधिकतम रु. ७८ करोड ३९ लाख रकम प्राप्त गर्ने छन्।

- स्थानीय तहको अधिकार सूचीभित्र पर्ने तर हाल विषयगत मन्त्रालयहरूबाट कार्यान्वयन भइरहेका आयोजना तथा कार्यक्रम मध्ये गाउँपालिका भित्रको रू. ५० लाखसम्म, नगरपालिका भित्रको रु. १ करोडसम्म र उपमहानगरपालिका तथा महानगपालिका भित्रको रु. २ करोडसम्म रकम विनियोजन भएका आयोजनाहरू सम्बन्धित विषयगत मन्त्रालयहरूले साउन मसान्तभित्र तत् तत् स्थानीय तहमा बजेट सहित हस्तान्तरण गर्नुपर्ने र आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनुपर्ने व्यवस्था गरिएको छ।
- आगामी आर्थिक वर्ष गठन हुने प्रदेश सरकारको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गर्न तथा यिनको पूर्वाधार निर्माणका लागि संक्रमणकालीन व्यवस्थापन स्वरुप प्रति प्रदेश न्यूनतम रु. १/१ अर्ब गरी जम्मा रु. ७ अर्ब विनियोजन गरिएको छ। मैले प्रस्तुत गरेको आर्थिक वर्ष २०७४/७५ को बजेट संघीयता कार्यान्वयनको मार्गमा कोशेढुङ्गा सावित भएको छ।

## ५. बजेट व्यवस्थापन र स्रोत परिचालनमा सुधार

- संघीयतामा वित्तीय हस्तान्तरणबाट **समृद्ध नेपालको आधार समृद्ध गाउँ/नगर, समृद्ध गाउँ/नगरको आधार समृद्ध समाज**, भन्ने मूल नाराका साथ मुलुकको दिगो र छिटो आर्थिक विकासमा अघि बढने अठोटकासाथ बजेट ब्यवस्थापन र समग्र आर्थिक क्रियाकलापहरूलाई केन्द्रित गरेर **समृद्ध नेपालको लागि दिगो आर्थिक विकासको तात्कालीन कार्यान्वयन कार्ययोजना, २०७३** जारी गरी अर्थतन्त्रलाई गति दिन आवश्यक स्रोत साधन परिचालन गरिएको छ।
- राष्ट्रिय गौरवका आयोजनाहरूलाई स्रोतको कमी हुन नदिई बजेट सुनिश्चितता र थप निकासा उपलव्ध गराइएको छ।
- भूकम्पबाट क्षतिग्रस्त व्यक्तिगत आवास पुनर्निर्माणलाई उच्च प्राथमिकतामा राखी किस्ता वितरणको लागि चालु आर्थिक वर्षमा रु. ५२ अर्ब १६ करोड ९१ लाख थप स्रोतको व्यवस्था गरिएको छ। व्यक्तिगत आवास पुनर्निर्माण तथा क्षतिग्रस्त सम्पदाहरूको पुनर्निर्माणका लागि रकम अभाव

हुन नदिन आगामी आर्थिक वर्षको लागि रु. १ खर्ब ४६ अर्ब १८ करोड बजेट विनियोजन गरिएको छ। यसै अवधिमा भूकम्प पिडितलाई उपलव्ध गराउने निजी आवास अनुदान रु. १ लाख थप गरी रु. ३ लाख पुऱ्याइएको छ।

- चालु आर्थिक वर्षको पुँजीगत खर्च वृद्धि गर्न विषयगत **मन्त्रालयहरूलाई १० बुँदे विशेष निर्देशन** पठाई पुँजीगत खर्च वृद्धि गर्न उत्प्रेरित गरिएको छ। पुँजीगत खर्च बढी विनियोजन भएका विकास निर्माणका कार्य गर्ने **मन्त्रालयहरूसँग एक एक गरी छलफल गरी** विकास खर्च लक्ष्यअनुरुप गर्न अर्थ मन्त्रालयको तर्फबाट सहयोग, समन्वय र सहजीकरण गरिएको छ।
- **खर्च गर्ने अख्तियारीको अभावमा बजेट कार्यान्वयनमा हुने ढिलाइलाई रोक्न कार्यक्रम स्वीकृति र अख्तियारी दिने प्रणालीमा परिवर्तन गरिएको छ। अर्थ मन्त्रालयमा रहेको विषयगत मन्त्रालय बजेट सूचना प्रणाली (एल एम बी आई एस) बाट प्राप्त हुने चौमासिक विभाजन सहितको कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयहरूले कार्यान्वयन इकाईलाई बजेट निकासा दिने व्यवस्था मिलाइएको छ।**
- बजेट व्यवस्थापनसँग सम्बन्धित निकाय, आम सञ्चार र जनता बीचमा समन्वय, संचार, जानकारी र सहयोगको वातावरण निर्माण, बजेटसम्बन्धी सम्पूर्ण जानकारी मोवाइलबाट हेर्न सक्ने वनाउन र बजेट सुशासन कायम गर्न **Mobile Application (Mob App)** उपयोगमा ल्याइएको छ।
- आगामी साउन १ गते उप्रान्त नियुक्त हुने निजामती, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल लगायत सरकारी कोषबाट पारिश्रमिक पाउने राष्ट्रसेवक कर्मचारीहरूको लागि **योगदानमा आधारित निवृत्तिभरण** प्रणाली लागु गर्ने नीतिगत व्यवस्था उद्घोष गरिएको छ। यससम्बन्धी कानूनको मस्यौदा तयारी भै सकेको छ।
- बजेट तर्जुमा र कार्यान्वयनलाई सहज तुल्याउनको लागि बजेट तर्जुमा दिग्दर्शन र कार्य सञ्चालन निर्देशिका परिमार्जन गरिएको छ।
- आर्थिक वर्ष २०७३/७४ को बजेटको मध्यावधि समीक्षा र आर्थिक वर्ष २०७२/७३ को वार्षिक प्रतिवेदन प्रकाशन गरिएको छ।

- स्थानीय तहको निर्वाचनको लागि निर्वाचन आयोगलाई रु. १० अर्ब २९ करोड र सुरक्षातर्फ रु. ८ अर्ब ८४ करोड निकासा दिइएको छ।

## ६. शान्ति प्रकृयाको बाँकी काम पूरा गर्न स्रोत व्यवस्थापन

- नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३/११/२५ को निर्णयबमोजिम द्वन्दका क्रममा मृत्यु भएका र बेपत्ता पारिएका व्यक्तिका हकदारलाई रु. १० लाख पुऱ्याउने नीतिगत व्यवस्थाअनुसार थप रु. ५ (पाँच) लाख आर्थिक सहायता उपलव्ध गराउन र विस्थापित व्यक्ति तथा परिवारलाई रु. २५ (पच्चिस) हजार उपलव्ध गराउन शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई रु. ८ अर्ब ४५ करोड ४५ लाख निकासा उपलव्ध गराइएको छ।

## ७. उत्साहप्रद राजस्व संकलन

- चालु आर्थिक वर्ष २०७३/७४ को बैशाख महिनासम्मको राजस्व संकलन लक्ष्य रु. ४ खर्ब ४७ अर्ब ९० करोड रहेकोमा रु. ४ खर्ब ६४ अर्ब ४१ करोड संकलन भइ लक्ष्यको तुलनामा १०४ प्रतिशतले प्रगति भएको छ। यो असूली गत वर्षको यसै अवधिको लक्ष्यको तुलनामा २३ प्रतिशतले वृद्धि हो। चालु आर्थिक वर्षका लागि रु. ५ खर्ब ६५ अर्ब राजस्व संकलनको लक्ष्य रहेकोमा रु. ५ खर्ब ८१ अर्ब संकलन हुने संशोधित अनुमान रहेको छ।

## ८. राजस्व प्रशासनमा सुधार र दक्षता अभिवृद्धि

- विश्व भन्सार संगठनद्वारा प्रतिपादित भन्सार कार्यविधिहरूको सरलीकरण तथा सामान्जस्यीकरण सम्बन्धी संशोधित अन्तर्राष्ट्रिय महासन्धि (International Convention on the Simplification and Harmonization of Customs Procedures, RKC) को Instrument of Accession विश्व भन्सार संगठनलाई हस्तान्तरण गरी नेपाल सो महासन्धिको पक्ष राष्ट्र भएको छ।
- पाँचौं चरणको भन्सार सुधार तथा आधुनिकीकरण रणनीति तथा कार्ययोजना, २०१७-२०२१ कार्यान्वयनमा ल्याइएको छ।
- मुल्य अभिबृद्धि कर निर्देशिका, २०६८ को पहिलो संशोधन, २०७३ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ।

- व्यापारिक वस्तुहरूको आन्तरिक ओसारपसारसम्बन्धी नियमन निर्देशिका, २०६५ परिमार्जन गरी लागू गरिएको छ।
- निकासी पैठारी व्यापारलाई व्यवस्थित गर्न २०७४ साउन १ गतेदेखि लागु हुने गरी **आयात निर्यात संकेत नम्बर (EXIM CODE)** प्रदान गर्ने काम शुरु गरिएको छ।
- मेची, सुख्खा बन्दरगाह, वीरगन्ज, भैरहवा, विराटनगर र कृष्णनगर भन्सार कार्यालयहरूमा वेभमा आधारित भन्सारको आधुनिक सूचना प्रणाली (ASYCUDA World) प्रणाली लागू गरिएको छ।
- वस्तु वर्गीकरण प्रणालीको छैठौ संस्करण (२०१७) अनुरूप वस्तु वर्गीकरण शीर्षक तथा उपशीर्षक अद्यावधिक गरी कार्यान्वयनमा ल्याइएको छ।
- मेची, विराटनगर, वीरगन्ज, भैरहवा, नेपालगञ्ज र कञ्चनपुर भन्सार कार्यालयहरूमा Whole Baggage X-Ray Machine यसै आर्थिक वर्ष भित्र जडान गर्ने गरी खरिद सम्झौता गर्ने कार्य सम्पन्न भएको छ।
- मूल्य अभिवृद्धि करमा दर्ता भएका सबै करदाताले रु. १ लाख भन्दा बढीको खरिद बिक्रीको विवरण कर विवरणसाथ पेश गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको छ।
- सबैका लागि स्थायी लेखा नम्बर (PAN for All) भन्ने नारा अन्तर्गत हालसम्म थप १,३५,९४८ करदातालाई करको दायरामा ल्याइएको छ। Know Your Taxpayer (KYT) कार्यक्रम सञ्चालन गरिएको छ।
- शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा करको सफ्टवेयर विकास गरी एकीकृत सूचना प्रणालीमा आवद्ध गरी कार्यान्वयनमा ल्याइएको छ।
- SMS तथा मोवाइल app को विकास गरी करसम्बन्धी विविध सूचनाहरूमा करदाताको पहुँचमा पुऱ्याइएको छ।
- आयकर निर्देशिका, अन्तःशुल्क निर्देशिका, दीर्घकालीन करार (Long Term Contract) निर्देशिका तथा कर परीक्षण दिग्दर्शन अद्यावधिक गरी प्रकाशन गरिएको छ।

- निश्चित समय र निश्चित उमेर समूहका व्यक्तिलाई मात्र छुट्टै बिक्री कक्षबाट मदिरा बिक्री गर्ने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइएको छ।
- जोखिममा आधारित परिसूचकहरूको आधारमा राजस्व चुहावट नियन्त्रण गर्ने प्रणाली शुरु गरिएको छ।

## ९. बैंक तथा वित्तीय क्षेत्रको विकास र स्थायित्व

- बैंक, बीमा, पुँजीबजार, वित्तीय सहकारी र गैर बैंकिङ वित्तीय संस्थाहरूको विकास, तिनको प्रभावकारिता र दक्षता अभिवृद्धि, वित्तीय सुशासन र समग्र वित्तीय क्षेत्रको विकास र स्थायित्व कायम गर्नका लागि **वित्तीय क्षेत्र विकास रणनीति** (२०७३/७४-२०७७/७८) कार्यान्वयनमा ल्याइएको छ।
- कुल पुँजीमा नेपाल सरकारको १० प्रतिशत लगानी गर्ने गरी निजी क्षेत्रको सहभागितामा पूर्वाधार विकास बैंक स्थापना कार्य अगाडि बढाइएको छ। यसबाट पूर्वाधार निर्माणका लागि आवश्यक स्रोतको सुनिश्चितता भई पूर्वाधार विकासको कामले तीव्रता पाउने अपेक्षा गरिएको छ।
- भूकम्प पीडितहरूलाई प्रदान गरिने कर्जाको पुनर्तालिकिकरण गर्ने कार्य सम्पन्न भएको छ।
- बीमा व्यवसायलाई प्रतिस्पर्धी बनाउँदै बीमा सेवालाई स्थानीय तहसम्म विस्तार गर्ने उद्धेश्यले थप १० वटा नयाँ बीमा कम्पनीहरू स्थापना गर्न बीमा समितिलाई अनुमति प्रदान गरिएको छ।
- पुँजीबजारको विकास र विस्तारसँगै पुँजीबजार सेवालाई प्रतिस्पर्धी र पहुँचयोग्य बनाउन निजी क्षेत्रमा स्टक एक्सचेन्ज कम्पनी स्थापना गर्न सैद्धान्तिक स्वीकृति दिइएको छ।
- ग्रामीण स्वावलम्बन कोष नीति, २०७३ को मस्यौदा तयार भई स्वीकृतिको प्रकृयामा रहेको छ। आर्थिक पुनरूद्धार कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७२ लाई संशोधन गरी कार्यान्वयनमा ल्याइएको छ।

- व्यावसायिक कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने व्याज अनुदान सम्बन्धी कार्यविधि, २०७३ कार्यान्वयनमा ल्याइएको छ।
- द्वन्द्वको समयमा विस्थापित विभिन्न बैंकहरूका २१ वटा शाखा पुनर्स्थापना भई थप शाखाहरू आवश्यकताअनुसार पुनर्स्थापना गर्ने कार्य निरन्तर रूपमा अघि बढाइएको छ। साथै, एक स्थानीय तह एक बैंक शाखा स्थापना गर्ने प्रक्रिया अगाडि बढाइएको छ।
- **एन.आई.डी.सी. डेभलपमेन्ट बैंकलाई राष्ट्रिय वाणिज्य बैंक लिमिटेड**मा गाभ्ने प्रक्रिया शुरु भइ सकेको छ। यसको लागि कार्यदल गठन गरी कार्य प्रारम्भ गरिएको छ।

## १०. संघीयता कार्यान्वयन र आर्थिक क्षेत्रमा सुधारसम्बन्धी नयाँ कानून तर्जुमा र संशोधन

**(क) देहायका ऐनहरू संशोधन भई कार्यान्वयनमा रहेका छन् :-**

- नेपाल राष्ट्र बैंक (दोस्रो संशोधन) ऐन, २०७३
- कर्मचारी सञ्चय कोष (नवौं संशोधन) ऐन, २०७३
- निक्षेप तथा कर्जा सुरक्षण ऐन, २०७३
- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
- बैंकिङ् कसूर तथा सजाय (पहिलो संशोधन) ऐन, २०७३
- लेखा परीक्षण (पहिलो संशोधन) ऐन, २०७३

**(ख) देहायका नियमावली/कार्यविधि स्वीकृत भई कार्यान्वयनमा रहेका छनः-**

- सम्पत्ती शुद्धीकरण नियमावली, २०७३
- सुरक्षित कारोबार नियमावली, २०७३
- नेपाल धितोपत्र वोर्ड (पहिलो संशोधन) नियमावली, २०७४
- क्रेडिट रेटिङ (पहिलो संशोधन) नियमावली, २०७४
- न्यून विजकीकरणका वस्तु खरिद गर्ने कार्यविधि, २०७३
- सार्वजनिक संस्थान निर्देशन वोर्ड ( गठन तथा कार्य सञ्चालन) आदेश, २०६९ को अनुसूचीमा संशोधन
- अन्तशुल्क नियमावली, २०५९ को अनुसूची–३ मा संशोधन
- भूकम्प पिडितहरूको घर निर्माणका लागि सामुहिक जमानीमा निर्ब्याजी ऋण उपलव्ध गराउने कार्यविधी, २०७४

**(ग) देहायका विधेयकहरू व्यवस्थापिका-संसदमा पेश गरिएको छः**

- संघीय आकस्मिक कोष विधेयक
- वस्तु विनिमय बजारसम्बन्धी विधेयक
- आर्थिक विधेयक
- विनियोजन विधेयक
- राष्ट्र ऋण उठाउने विधेयक
- लेखा परीक्षण विधेयक
- बोनस (पाँचौं संशोधन) विधेयक
- अन्तर सरकारी वित्त व्यवस्थापन विधेयक
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग विधेयक

**(घ) देहायका विधेयकहरू तर्जुमा गरी कानून, न्याय तथा संसदीय मन्त्रालयमा पठाइएको छः-**

- योगदानमा आधारित निवृत्तिभरण कोष सम्बन्धी विधेयक
- वीमा विधेयक

**(ङ) राजपत्रमा सूचना प्रकाशन**

- भौगोलिक सहजता र स्थानीयको राय सुझावलाई ध्यानमा राखी बेलौरी भन्सार कार्यालय कैलाली भन्सार कार्यालयको क्षेत्र अन्तर्गत राखिएको।
- वुटवल धागो कारखाना लिमिटेड र वीरगंज चिनी कारखाना लिमिटेडको निजीकरण सम्बन्धी।
- सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को दफा ४४ को उपदफा १ बमोजिम नगद कारोबारमा सीमा तोक्ने सम्बन्धी।

## ११. वित्तीय हस्तान्तरणसम्बन्धी कार्यको थालनी

- नेपाल सरकारले ७४४ स्थानीय तहको घोषणा गरिसकेपछि तिनीहरूको प्रारम्भिक कार्य र पूर्वाधार विकासका लागि रु. १ करोडका दरले **रु. ७ अर्ब ४४ करोड** निकासा दिइएको छ।
- संघ, प्रदेश र स्थानीय तहको वित्त व्यवस्थापनका विषयमा कार्य गर्न अर्थ मन्त्रालयमा छुट्टै **अन्तर सरकारी वित्त व्यवस्थापन महाशाखा** स्थापना गरिएको छ।

## १२. सार्वजनिक वित्तीय व्यवस्थापन र सरकारी लेखा प्रणालीमा सुधार

- नेपाल सरकारको राजस्व संकलन, लेखांकन तथा प्रतिवेदन प्रणालीलाई वास्तविक समय (Real time) मा आधारित बनाई एकीकृत रूपमा कार्यान्वयन गर्न प्रारम्भ गरिएको राजस्व व्यवस्थापन सूचना प्रणाली (RMIS) थप ३५ जिल्लामा विस्तार भई ५० जिल्लामा कार्यान्वयनमा रहेको छ। यस प्रणालीबाट नेपाल सरकारले प्राप्त गर्ने राजस्वको ९५ प्रतिशतभन्दा बढी अंशको वास्तविक तथ्यांक केन्द्रीय तहमा अनलाइन उपलब्ध भइरहेको छ।
- एकल खाता कोष प्रणालीमा सुधार तथा परिमार्जन गरी सरकारी भुक्तानी प्राप्त गर्ने व्यवसायी (Vendor) को खातामा सोझै रकम भुक्तानी गर्ने प्रणाली लागु गरिएको छ। यसको शुरुवात सिंहदरबार परिसरमा रहेका कार्यालयहरूबाट परीक्षणको रूपमा गरिएको छ। यो प्रणालीलाई पूर्ण रूपमा कार्यान्वयनमा लैजाँदा सरकारी भुक्तानी **विद्युतीय प्रविधिबाट हुने भुक्तानी प्रणाली (E-payment)** मा रूपान्तरण गर्न महत्वपूर्ण आधारको रूपमा स्थापित हुनेछ।
- नेपाल सरकारको आर्थिक कार्यप्रणालीलाई व्यवस्थित गर्ने महत्वपूर्ण आधारको रूपमा रहने नेपाल सरकारको **लेखा निर्देशिका (Accounting Manual), २०७३** कार्यान्वयनमा ल्याइएको छ।
- प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ (नमुना कानुन) र स्थानीय आर्थिक कार्यविधि ऐन, २०७४ (नमुना कानुन) को मस्यौदा तयार गरिसकिएको छ।
- नेपाल सरकारको दोस्रो चरणको सार्वजनिक वित्तीय व्यवस्थापन सुदृढिकरण रणनीति विभिन्न १३ वटा निकायहरूमा एकीकृत रूपमा कार्यान्वयन हुने गरी आयोजना तयारी र बजेट व्यवस्थापन गरिएको छ। आगामी वर्षदेखि कार्यान्वयन शुरू हुने उक्त आयोजना नेपाल सरकारको सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यका लागि विशेष महत्वको हुनेछ।
- नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुरूपको वित्तीय प्रतिवेदन तयारी गर्ने कार्य थप १६ वटा केन्द्रीय निकायमा सम्पन्न भई यस्तो प्रतिवेदन गर्ने निकायको संख्या ३१ पुगेको छ।

- नेपाल सरकारको सबै प्रकारको ऋण तथा लगानीको व्यवस्थापन एकै निकायबाट गर्ने गरी स्थापना गर्न लागिएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालय तत्कालका लागि महालेखा नियन्त्रक कार्यालयमा स्थापना गर्ने व्यवस्था मिलाइएको छ।

## १३. अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन

- चालु आर्थिक वर्षको बैशाखसम्म २१ आयोजना तथा कार्यक्रमहरूका लागि रू. २ खर्ब २२ अर्ब ७४ करोड बराबरको वैदेशिक सहायताको प्रतिबद्धता प्राप्त भएको छ। यसमध्ये रू. १ खर्ब ७७ अर्ब १३ करोड बराबर ऋण सहायता र रू. ४५ अर्ब ६१ करोड अनुदान सहायता रहेको छ। यो प्रतिबद्धता अघिल्लो आर्थिक वर्षको दश महिनाको तुलनामा २०.६ प्रतिशतले बढी हो।
- नेपालका मुख्य विकास साझेदारहरू विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष र एशियाली विकास बैंकहरूको वार्षिक बैठकमा सहभागी भई नेपालको आवश्यकता र प्राथमिकताका बारेमा छलफल गरी नेपाललाई थप आर्थिक सहायता जुटाउन पहल गरिएको छ। विश्व बैंकको वसन्त बैठकमा (Spring Meeting) सहभागिता जनाई सहायता प्रवर्द्धनका सम्बन्धमा छलफल गरिएको छ। फलस्वरूप विश्व बैंक र एशियाली विकास बैंकले नेपालका लागि वर्सेनी उपलब्ध गराइने सहायताको राशी बढाउने संकेत गरेका छन्।
- दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन सार्क राष्ट्रका अर्थमन्त्रीहरूको आठौं बैठकमा सहभागी भई क्षेत्रीय सहयोग आदान प्रदान, क्षेत्रीय विकासका लागि गर्न सकिने सहकार्य र क्षेत्रीय व्यापार प्रवर्द्धन गर्ने विषयमा विस्तृत छलफल गरिएको छ।
- वैदेशिक सहयोगमा सञ्चालित आयोजना/कार्यक्रमहरूको अर्थ मन्त्रा लय, सम्बन्धित निकाय र सम्बन्धित दातृपक्षबाट संयुक्त रूपमा विस्तृत आवधिक प्रगति समीक्षा गरिएको छ। यसबाट आयोजना तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरूलाई छिटोछरितो ढङ्गबाट समाधान गर्न मद्धत पुगेको छ।
- एशियाली विकास बैंकको सहयोगमा सञ्चाढलित आयोजनाहरूको ठेक्काब व्यवस्थापनमा लक्ष्यको तुलनामा ९४ प्रतिशत र सहायता परिचालनमा

लक्ष्यको तुलनामा ९१ प्रतिशत प्रगति भएको छ, जुन एशियाली विकास बैंकको सहयोगको इतिहासमा उच्चतम् हो। विश्व बैंकको सहयोगमा सञ्चासलित आयोजनाहरूको सहायता परिचालनमा अघिल्लो वर्षको तुलनामा वृद्धि भएको छ।

- जलवायु परिवर्तनसँग सम्बन्धित सहायता परिचालनका लागि स्थापित Green Climate Fund मा National Implementing Entity को रूपमा कार्य गर्न वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र राष्ट्रिय प्रकृति संरक्षण कोषलाई छनौट गर्न सिफारिस गरिएको छ। साथै, कृषि विकास बैंक र निजी बैंकको लागि प्रारम्भिक छलफल शुरु गरिएको छ। यसबाट जलवायु वित्तका लागि थप सहायता परिचालन गर्न सघाउ पुग्नोछ।
- केही ठूला परियोजनाहरूका लागि सहायता प्राप्त  गर्न सम्झौता भएका छन्। यीमध्ये विभिन्नस दातृनिकायहरूबाट सहयोग हुने विद्यालय क्षेत्र विकास कार्यक्रम, जापानको सहयोग हुने नागढुङ्गा-नौबिसे सुरुङ मार्ग, विश्वा बैंकको सहयोग हुने सामाजिक सुरक्षाको प्रणाली सुदृढीकरण र स्वास्थ्य क्षेत्र विकास कार्यक्रम प्रमुख रूपमा छन्। यसका साथै वन, वातावरण, सडक तथा विद्युतसँग सम्बन्धित अन्य कार्यक्रमहरूका लागि सहयोग प्राप्तथ भएका छन्।
- जर्मनी, जापान, फिनल्याण्ड, बेलायत र कोरिया सरकारसँग आगामी दिनमा यी मुलुकहरूको थप सहयोग विस्तार गर्ने सम्बन्धमा द्विपक्षीय छलफल गरिएको छ। बेलायत सरकारको विकास सहयोग नियोग DFID सँग सहायतासम्बन्धी पाँच वर्षको फ्रेमवर्कमा हस्ताक्षर भएको छ।
- मुलुकको आर्थिक विकासलाई छिमेकी देशहरूको अर्थव्यवस्था र अन्य क्षेत्रीय तथा विश्व अर्थ व्यवस्थाको समेत प्रत्यक्ष परोक्ष सम्बन्ध हुने भएकोले मेरो कार्यकालमा मैले दुई छिमेकी मुलुकको सम्बन्ध खासगरी आर्थिक दृष्टिकोणले महत्त्वपूर्ण चीनको भ्रमण र OBOR को सम्मेलनमा सहभागिता, अमेरिकामा विश्वबैंकको वैठक, जापानमा सम्पन्न एशियाली विकास बैंकको ५० औं वार्षिक वैठक र सोही समयमा सार्क अर्थन्त्रीहरूको मञ्चको वैठकको अध्यक्षता गरी यस क्षेत्रको आर्थिक विकासको समग्र पक्षमा भएका छलफलहरू अत्यन्त फलदायी भएको ठानेको छु।

## १४. सार्वजनिक संस्थान सुधार

- कृषि विकास बैक र नेपाल टेलिकममा रणनैतिक साझेदार भित्राई सक्षम प्रतिष्पर्धी र चुस्त संस्था वनाउने कार्यको थालनी भइ सकेको छ।
- वीरगञ्ज चिनी कारखाना र बुटवल धागो कारखानालाई प्रतिस्पर्धात्मक प्रक्रियाबाट (Lease Modality) मा सञ्चालन गर्न तोकिएका विभिन्न विषयलाई आधार मानी प्रतिवेदन तयार गरी नीजिकरण समितिमा पेश गर्न र सोको सुचना प्रकाशन गर्न उद्योग मन्त्रालय मार्फत प्रक्रिया अगाडि बढाइएको छ।
- नेपाल वायुसेवा निगमलाई हवाईजहाज खरिद गर्न नेपाल सरकार जमानी बसी कर्मचारी सञ्चय कोष र नागरिक लगानीकोषबाट रु. १२/१२ अर्ब रुपैया ऋण प्रदान गर्ने निर्णय भइ सकेको छ।

## १५. नतिजामूलक अनुगमन

- राष्ट्रिय गौरवका र प्राथमिकता प्राप्त २५ करोडभन्दा बढी परियोजना लागत भएका निर्माणाधीन परियोजनाहरूको समग्र बजेट विनियोजन, ठेक्कापट्टाको स्थिति, खर्चको अवस्था, त्यसको सबल र दुर्बल पक्षसमेतको स्थलगत अनुगमन गरी पृष्ठपोषण एवं कार्ययोजना परिमार्जन समेत गर्न अनुगमन टोलीको गठन भई गौतम बुद्ध क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल, बुटवल-बेलहिया व्यापारिक मार्ग आयोजना, बबई सिँचाइ आयोजना बर्दिया, रानी जमरा कुलरिया सिँचाइ आयोजना कैलाली, भेरी बबई वहुउद्वेश्यीय आयोजना सुर्खेत, साना किसान विकास बैंकद्वारा सञ्चालित कार्यक्रमहरू, व्यावसायिक कृषि आयोजना, सडक विभाग, शहरी विकास विभाग, लुम्बिनी क्षेत्र विकास कोष, उत्तर दक्षिण कोशी राजमार्ग आयोजना संखुवासभा, एवं माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको अनुगमन गरिएको छ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिवको नेतृत्वमा गठित यस मन्त्रालयका सहसचिव सदस्य रहेको **केन्द्रीय अनुगमन टोली**बाट धेरै बजेट विनियोजन भएका ६ वटा मन्त्रालयहरू भौतिक पूर्वाधार तथा यातायात, सहरी विकास, संघीय मामिला तथा स्थानीय विकास, खानेपानी तथा सरसफाई, स्वास्थ्य र संस्कृति पर्यटन तथा नागरिक उड्डयन

मन्त्रालय तथा सडक विभाग र सहरी विकास विभागको अनुगमन गरिएको छ।

- प्रथम तथा दोस्रो चौमासिक अवधिको मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति MDAC को बैठकमा देहायबमोजिम निर्णय गरी सम्बन्धित निकायहरूलाई कार्यान्वयन गर्न निर्देशन दिइएको:
    - वैदेशिक सहायता तर्फ सोधभर्ना प्रकृयाबाट प्राप्त हुनुपर्ने ऋण तथा अनुदानको शोधभर्ना प्राप्त हुन बाँकी देखिएकोले अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा, बजेट तथा कार्यक्रम महाशाखा र महालेखा नियन्त्रक कार्यालयले समन्वयात्मक ढंगबाट काम गरी यथाशिघ्र शोधभर्ना प्राप्त गर्ने।
    - विगत वर्ष र चालु आर्थिक वर्षको हालसम्म वहुबर्षिय ठेक्काको लागि सहमति दिइएका आयोजनाहरूको कुल दायित्व यकिन गर्न बजेट तथा कार्यक्रम महाशाखाले राष्ट्रिय योजना आयोग, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र अन्य मन्त्रालयसँग समेत समन्वय गरी त्यस्ता आयोजनाहरूको एकीकृत विवरण तयार गर्ने।
    - ठूला आयोजनाहरूको अनुगमन कार्यलाई निरन्तरता दिने।
    - चालु आर्थिक वर्षको बजेट खर्च र भौतिक प्रगतिको आधारमा आगामी आ.ब. को बजेट विनियोजन गर्ने। चालु आर्थिक वर्षमा ५०% भन्दा कम रकम खर्च गर्ने निकाय/आयोजनाको बजेट छुट्याउँदा खर्च हुने भरपर्दो आधारबिना विनियोजन नगर्ने व्यवस्थाको थालनी गर्ने।
    - कृषि तथा पशु बीमा तर्फ विभिन्न बीमा कम्पनीहरूले पाउनु पर्ने प्रिमियम अनुदान यथाशीघ्र निकासा गर्ने व्यवस्था मिलाउने। बीमा क्षेत्रमा सबैको पहुँच बढाउन बीमा कम्पनीको बिस्तार गर्ने ।
    - भूकम्पपीडितलाई घर निर्माण गर्न दिने २% व्याजदरको सहुलियतपूर्ण कर्जाको कार्यविधिलाई सरल बनाई भूकम्प पीडितको पहुंचयोग्य बनाउने व्यवस्था नेपाल राष्ट्र बैंकले मिलाउने साथै सामूहिक जमानीमा ऋण दिने सम्बन्धी कार्यविधि बनाई लागु गर्ने।

- कृषि कर्जा व्याज अनुदान कार्यविधिमा संशोधन भइसकेकाले यसलाई आम किसानको पहुँचमा पुऱ्याउने एवं यस्तो कर्जा विस्तारमा जोड दिने।

- धेरै बजेट विनियोजन भएका मन्त्रालयका सचिवहरूको उपस्थितिमा अर्धवार्षिक अवधिको पुँजीगत खर्चको समीक्षा बैठक गरी निम्नबमोजिमका निर्णयहरू गरी कार्यान्वयन गरिएको:
  - पुँजीगत बजेट बढी भएका मन्त्रालयहरूले नियमित रूपमा आफू अन्तरगतका आयोजनाहरूको कार्यान्वयन स्थितिको गहन समीक्षा गरी देखिएका समस्याहरू तत्काल समाधान गरी आयोजना कार्यन्वयनलाई अघि बढाउने।
  - मन्त्रालयहरूले आयोजना कार्यान्वयनलाई तीब्रता दिई लक्ष्यअनुसार पुँजीगत खर्च गर्ने। २०७३ फागुन मसान्तसम्म पनि काम शुरु नभएका आयोजनाहरूको बजेट र काम शुरु भए पनि लक्ष्यअनुसार खर्च हुन नसकेको रकम २०७३ चैत्र १ गते भित्र अनिवार्य रुपमा अर्थ मन्त्रालयमा समर्पण गर्ने।
  - मन्त्रालयहरूले विनियोजित बजेटलाई नै व्यवस्थापन गरी अधिकतम नतिजा हासिल गर्ने गरी कार्य गर्ने।
  - चालु खर्चमा मितव्ययितता अपनाउने।
  - पुनर्निर्माणको कार्यलाई उच्च प्राथमिकता दिई छिटो सम्पन्न गर्ने।
  - केही मन्त्रालय अन्तर्गत २०७३ माघसम्म पनि कार्यस्थलमा पूरै बजेटको अख्तियारी नपुगेको देखिएकोले ७ दिन भित्र सबै बजेटको अख्तियारी दिइसक्ने। स्वीकृत हुन बाँकी कार्यक्रम पनि ७ दिन भित्रै स्वीकृत गर्ने।
  - राष्ट्रिय विकास समस्या समाधान समिति NDAC ले निर्देशित गरेको समयसीमा भित्र ठुला आयोजनाहरूको निर्माण कार्यविधि र ढाँचा निर्धारण गरी कार्यान्यवनमा लैजाने।
  - विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भएका आयोजनाहरूमात्र आगामी आ.ब.को बजेटमा समावेश गर्ने।
  - प्रत्येक मन्त्रालयले बजेट खर्चको प्रभावकारी ढंगबाट अनुगमन गर्ने।

- स्थानीय स्तरमा नदीजन्य निर्माण सामाग्रीमा देखिएका समस्या सम्बन्धित निकायहरूले समन्वय गरी तत्काल समाधान गर्ने।

- सूचनाको हक सम्बन्धी ऐनबमोजिम सार्वजनिक गर्नुपर्ने विवरणहरू समयमै सार्वजनिक गरिएको। सूचनाको हकसम्बन्धी ऐनबमोजिम सूचना माग गर्ने १२ जनालाई नियमानुसार सूचना उपलब्ध गराइएको।
- हेलो सरकारबाट प्राप्त ५११ वटा गुनासाहरू मध्ये सबै गुनासाहरूको उपयुक्त सम्बोधन गरी फछ्र्यौट गरिएको।
- अर्थ मन्त्रालयको गुनासो सुनवाई कक्ष (बिगुल) मा प्राप्त गुनासाहरूको उचित सम्बोधन सहित फछ्र्यौट गरिएको।
- बजेट वक्तव्यमा परेका नीति तथा कार्यक्रमहरूको कार्यान्वयनको अवस्था तथा कार्यक्रम स्वीकृति, निकासा र अख्तियारीको अवस्थाका बारेमा नियमित रूपमा अनुगमन गरिएको।

## १६. प्रशासकीय सुधार र सुशासन

- अर्थ मन्त्रालय र मातहतका विभागहरूमा मानव संशाधन योजना, क्षमता विकास, कार्यसम्पादन करार सम्झौता र त्यसको मूल्याङ्कन, पुरस्कार तथा सजाय व्यवस्थापन जस्ता महत्त्वपूर्ण कार्यहरूलाई प्राथमिकताकासाथ निर्धारित समयभित्र, गुणात्मक र नतिजामूलकरूपमा सम्पादन गरी सार्वजनिक प्रशासनबाट सम्पादन गरिने कार्यलाई उन्नत, परिष्कृत, नवप्रवर्तनशील बनाउने प्रयत्न गरिएको।
- राजनीतिक परिवर्तन पश्चात् मुलुकमा आर्थिक सामाजिक परिवर्तन अपरिहार्य रहेको परिवेशमा नागरिकको आर्थिक समुन्नति र समृद्धिको आकांक्षालाई परिपूर्ति गर्न राजस्व परिचालनका थप श्रोतहरूको पहिचान, राजस्वको आधार एवं दायरा विस्तार, व्यापार घाटा न्यूनीकरण, संघीय व्यवस्थामा सञ्चार क्षेत्रको भूमिका विषयमा विषय विज्ञहरूबाट अध्ययन गराइ प्राप्त प्रतिवेदन कार्यान्वयन अगाडि बढाइएको।
- मन्त्रालय अन्तर्गत प्रदान गरिने सेवालाई पारदर्शि, जनउत्तरदायी र प्रभावकारी बनाउन सुशासनमा जोड दिइएको। सचिव र विभागीय प्रमुखहरूसँग कार्यसम्पादन करार गरी नियमित रूपमा कार्यसम्पादन मूल्याङ्कन गरिएको। यसैगरी विभागीय प्रमुख र कार्यालय प्रमुखहरू बीच

समेत कार्यसम्पादन करार गरी कार्यसम्पादनलाई वस्तुनिष्ठ, पारदर्शि र सूचकमा आधारित बनाइएको।

**अन्त्यमा**

- मैले दश महिना पहिले अर्थ मन्त्रालयको कार्यभार सम्हाल्दा मुलुकमा अधिकांश आर्थिक परिसूचकहरू अनुकुल थिएनन्। खासगरी गत आर्थिक वर्षको आर्थिक वृद्धि निराशाजनक र मूल्य वृद्धि उच्च दरमा थियो। व्यवस्थापिका-संसदमा प्रस्तुत भएको बजेटको विनियोजन विधेयक स्वीकृत भए पनि सोसँग आश्रित आर्थिक विधेयक, राष्ट्र ऋण उठाउने विधेयक र ऋण तथा जमानत विधेयक संसदबाट अस्वीकृत भएको अवस्था थियो।सामयिक कर असूल ऐनले दिएको अधिकार प्रयोग गरी जारी आदेशको प्रावधान बमोजिम गत आर्थिक वर्षको कर संकलन भइरहेको थियो। भूकम्पपछिको पुनर्निर्माणले गति लिन सकेको थिएन। आयात निर्यात व्यापार शीथिल अवस्थामा थियो। दश महिनाको अवधिमा बजेट कार्यान्वयनमा दिएको प्राथमिकता, अवलम्बन गरिएका नीतिहरू, पुनर्निर्माणले लिएको गति, आयोजना कार्यान्वयनको सहजीकरण, कुशल बजेट व्यवस्थापन, राजस्व प्रशासनमा गरिएका सुधार, आर्थिक समृद्धिका लागि दिगो आर्थिक विकासको तत्कालीन कार्ययोजनाको कार्यान्वयन, वैदेशिक सहायता परिचालनमा दक्षता, सुधारिएको लगानीको वातावरण र निजी क्षेत्रमा थप भएको उत्साहको सञ्चारबाट **अर्थतन्त्रका प्रमुख आर्थिक सूचकहरूमा उल्लेख्य सुधार आएको छ।मूलतः आर्थिक वृद्धिमा ऐतिहासिक सफलता मिलेको छ** भने जनताको दैनिक जीवनयापन सँग सम्बन्धित **मूल्य वृद्धि अनुमान** भन्दा तल झरेको छ।
- चालु आर्थिक वर्षमा अघिल्लो सरकारले ल्याएको बजेट नै कार्यान्वयन गर्ने या पूरक बजेट ल्याउने भन्ने बहस पनि चौतर्फी रूपमा उठेका थिए तर बजेटको कुशल कार्यान्वयनबाट प्रभावकारी स्रोत परिचालनमा जोड दिएकाले पूरक बजेट ल्याउने आवश्यकता परेन।
- संघीयता कार्यान्वयन सँगै नवगठित स्थानीय तहलाई वित्तीय स्रोत हस्तान्तरण गर्ने चुनौती र अवसर दुबै थियो। स्थानीय तहको घोषणा हुनासाथै प्रत्येक तहलाई तत्कालका लागि केही रकम उपलब्ध गराइयो। आ.व. २०७४/७५ को बजेट निर्माण गर्दा संघीय स्वरुपको

बजेटको खाका तयार गरी स्थानीय तह र प्रदेशलाई निश्चित शुत्रको आधारमा अर्थ मन्त्रालयबाट सोझै बजेट हस्तान्तरण हुने गरी कुल बजेटको झण्डै **१८ प्रतिशत** रकम हस्तान्तरण गरिएको छ। बजेट कार्यान्वयनको क्षेत्रमा ठूलो नीतिगत सुधार गरिएको छ। अब व्यवस्थापिका-संसदबाट विनियोजन विधेयक पास हुनासाथ खर्च गर्ने निकायहरूलाई स्वतः अख्तियारी प्राप्त हुनेछ। मन्त्रालयगत बजेट सूचना प्रणाली LMBIS मा **प्रविष्टि भएका कार्यक्रमहरूलाई फेरी राष्ट्रिय योजना आयोग र सम्बन्धित मन्त्रालयको सचिवले स्वीकृत गर्नुपर्ने व्यवस्थाको अन्त्य गरिएको छ**। LMBIS मा भएका कार्यक्रम नै स्वीकृत कार्यक्रम हुन र त्यही बमोजिम सम्बन्धित कोष तथा लेखा नियत्रक कार्यालयबाट निकासा हुनेछ।

- चालु आर्थिक वर्षको आर्थिक उपलब्धिहरूलाई थप मजबुत बनाउँदै संघीय ढाँचाको बजेट कार्यान्वयनको माध्यमबाट **समृद्ध नेपाल निर्माणको लागि आर्थिक क्षेत्रमा अहिलेका उपलब्धिहरू संस्थागत हुनेछन्**। सुधारका यी सकारात्मक सूचकहरूले अर्थतन्त्रको सबलिकरण र स्थीर अर्थतन्त्र निर्माण तर्फको यात्रामा अघि बढ्दै सन् २०३० सम्ममा नेपाल मध्यम स्तरको अर्थव्यवस्था भएको मुलुक हुनेछ भन्ने विश्वास गर्दै अर्थतन्त्रलाई थप सुदृढ र सबल बनाउँदै समृद्ध नेपाल निर्माण गर्ने मार्गमा सफलता मिलोस भनी नयाँ सरकारलाई शुभकामना दिन चाहन्छु।
- मेरो कार्यकालमा मलाई हर तरहले सहयोग गर्ने अर्थ मन्त्रालयका सबै कर्मचारीहरू, सचिवालयका सदस्यहरू, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, बीमा समिति लगायतका बैंक तथा वित्तीय संस्थाका पदाधिकारीहरू, अर्थशास्त्रीहरू, पूर्व अर्थमन्त्री तथा पूर्व अर्थ सचिवहरू, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परी संघ, नेपाल चेम्बर अफ कमर्स लगायतका अरु संघ संस्था, आम करदाता र सञ्चारजगत प्रति हार्दिक आभार व्यक्त गर्दछु।